वर्ष १२, अंक २, असोज, २०६३

# संविधानसभाको स्वरुप र प्रक्रिया



साप-नेपाल तथा नागरिक समाज विकास परिषद्द्वारा २०६३ जेष्ठ ३१ गते **'संविधान सभाको स्वरूप र प्रक्रिया'** विषयक छलफल कार्यक्रम आयोजना गरिएको थियो। साप इन्टरनेशनलका डा.रोहितकुमार नेपाली सहजकर्ता रहनुभएको उक्त कार्यक्रममा साप-नेपालका कार्यकारी निर्देशक तीर्थप्रसाद ज्ञवालीले कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नुभएको थियो। नागरिक समाजका प्रतिनिधि, राजनीतिक दल, कानुनविद्, विभिन्न संघसंस्थाका प्रतिनिधि एवं विशिष्ट व्यक्तित्वहरूबीच भएको उक्त कार्यक्रममा प्रा.सावित्री गुरुङ्ग, मानवअधिकारकर्मी टेक ताम्राकार तथा वरिष्ठ कानुनवीद् पूर्णमान शाक्यले सम्बन्धित विषयमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो।

कार्यक्रममा पूर्वमन्त्री द्वय चक्रप्रसाद वास्तोला तथा रघुजी पन्त, नेपाल आदिवासी जनजाति महिला समाजकी स्टेला तामाङ्ग, कल्याणी शाह, केशवराज पौडेल, डा.कल्याणदेव भट्टराई, डा.रमणराज मिश्र, विनोदराज प्रधान, डा.नारायण गुरुङ्ग, इन्दु अर्याल, मेजर कुवेर श्रेष्ठ, अशोक कुमार पाठक लगायतका विभिन्न व्यक्तित्वहरूले सम्बन्धित विषयमा आफ्ना विचार तथा जिज्ञासाहरू प्रस्तुत गर्नुभएको थियो। कार्यक्रममा सहभागीहरूले संविधान सभाको प्रक्रिया र स्वरूपका सम्बन्धमा चर्चा गर्दै यसभित्र समावेश गरिने विभिन्न सवालहरू राज्यतन्त्र, राज्यको संरचना र निर्वाचन प्रणाली बारे सात राजनीतिक दल एवं माओवादी लगायत सम्पूर्ण वर्ग र पक्षको साझा सहमति कायम भएमा मात्र संविधान सभाले पूर्णता प्राप्त गर्नसक्ने कुरामा एक मत रही संविधान सभामा महिला, दलित, जनजाति, मधेशी लगायत पिछडिएको वर्गको समन्यायिक प्रतिनिधित्व हुनुपर्ने, तत्काल अन्तरिम संविधान निर्माण गरी माओवादी सहितको अन्तरिम सरकार गठन गर्नुपर्ने, संविधान सभामा जानुपूर्व नै यस सम्बन्धमा खाका तयारी गरी अघि बढ्नुपर्ने कुरामा जोड दिइएको थियो।

# समावेशीकरणयुक्त भावि नेपालको निर्माण



साप-नेपाल, साप इन्टरनेशनल, नागरिक समाज विकास परिषद तथा बेलानेट साउथ एशियाको संयुक्त आयोजनामा समावेशी नेपाल विषयक कार्यशाला गोष्ठी २०६३ असार ३० गतेदेखि ३२ गतेसम्म संचालन गरियो। साप इन्टरनेशनलका कार्यकारी निर्देशक डा.रोहितकुमार नेपालीको अध्यक्षतामा सञ्चालित उक्त कार्यक्रममा साप-नेपालका कार्यकारी निर्देशक तीर्थप्रसाद ज्ञवालीले कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नुभएको थियो।

*(बाँकी पृष्ठ २ मा)*

## हार्दिक समवेदना



स्व.डा. हर्क गुरुङ

यस साप परिवारका सदस्य डा. हर्क गुरुङ लगायत विभिन्न राष्ट्रिय एवं अन्तर्राष्ट्रिय विशिष्ट व्यक्तित्वहरूको ज्यान लिने हेलिकोप्टर दुर्घटनामा परी वहाँ असोज ७ को असामयिक निधन भएकोमा हामी मर्माहत र स्तब्ध भएका छौं। दुर्घटनामा परी दिवंगत हुनुभएका सबैको आत्माको चिरशान्तिको कामना गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना प्रकट गर्दछौं।

साप परिवार

साप-नेपाल

FALCHA — The Meeting Point
साप फल्चा

# सम्पादकीय

## दिगो शान्ति स्थापना र संविधान सभा

सात राजनीतिक दल र नेकपा (माओवादी) बीच देशमा दिगो शान्ति स्थापना गर्ने प्रतिबद्धता सहित ६ बुंदे समझदारीमा हस्ताक्षर भएको छ। यसबाट अन्तरराष्ट्रिय समुदायले नेपाललाई एक कुशल द्वन्द्व व्यवस्थापनको नमूनाका रूपमा लिनथालेका छन्। आम अन्तरराष्ट्रिय समुदायले अनुमान गरेभन्दा विल्कुलै फरक ढंगबाट विना कसैको हस्तक्षेप र सहयोग विना राष्ट्रिय सहमति कायम हुनु नेपाली जनताको लागि गौरवको कुरा हो। देशमा ११ वर्षदेखि चल्दैआएको द्वन्द्वलाई शान्तिमा परिणत गरी लोकतन्त्रलाई संस्थागत गर्ने क्रममा राजनीतिक दलहरु आफूले सही गरेका समझदारलिाई व्यवहारमा मन, वचन र कर्मले पालना गर्न आवश्यक छ। यसर्थ यो महत्वपूर्ण अवसरलाई चुनौतीका रूपमा स्वीकार गरी इमान्दारीपूर्वक कार्यान्वयन गर्दै अघि बढ्नुपर्दछ।

यो ऐतिहासिक सहमति नेपालको संविधानसभा निर्वाचनसम्मको राजनीतिक मार्गचित्र हो। संविधानसभाको गठनपश्चात त्यसले आफैं भविष्यको गोरेटो तय गर्नेछ। त्यसपछिको नेपाल नेपाली जनताको मतबाट विजयी प्रतिनिधि र दलहरूको सामूहिक विवेकमा निर्भर गर्नेछ। भिन्न राजनीतिक धारका आठ आठवटा राजनीतिक दलहरूवीच न्यूनतम् सैद्धान्तिक र व्यवहारिक समझदारीको विकास हुँदै आएको छ। यस परिस्थितिमा जनताले आफ्नो अधिकार प्रयोग गरी नयाँ संविधान निर्माण गर्ने संविधानसभाको निर्वाचन अब छिट्टै नै अर्थात आगामी नयाँ वर्षको शुरुवातसंगै हुनेछ भन्ने प्रतिबद्धता आठ राजनीतिक दलले व्यक्त गरिसकेका छन्।

संविधानसभाको चुनाव सार्वभौमसत्ता सम्पन्न जनतामा राज्यशक्ति संस्थागत रूपमा हस्तान्तरण तथा दिगो शान्ति स्थापनासंग जोडिएको छ। संविधानसभाको चुनावले जनतामा हस्तान्तरण भएको सार्वभौमसत्तालाई संस्थागत गर्नुका साथै शान्ति स्थापना प्रक्रियामा महत्वपूर्ण भूमिका निर्वाह गर्नेछ। तर, संविधानसभाको चुनावले मात्र जनताका सार्वभौमसत्ता संस्थागत गर्ने तथा देशमा विद्यमान सामाजिक, आर्थिक, राजनीतिक, सांस्कृतिक लगायत विभिन्न तह र वर्गका समस्याहरूलाई समाधान गरी दिगो शान्ति कायम हुनसक्छ भन्ने कुराको निश्चित गर्न सकिंदैन। यो कुरा संविधानसभाको समावेशीकरणको प्रकृतिमा निर्भर गर्नेछ।

लोकतन्त्रलाई आफ्नो मूल्य मान्यतको रूपमा वास्तवमा नै स्वीकार गर्ने हो भने सबैको अस्तित्व र पहिचानलाई संविधानसभाले समेट्ने प्रयास गर्नसक्नुपर्दछ। संविधान सभामा देशका सबै जात जाति र वर्गको सम्मानजनक तवरबाट प्रतिनिधित्व गराउन सक्नुपर्दछ। यस प्रकारको समावेशी संविधानसभाबाट बन्ने संविधान पनि समावेशी हुनेछ जसबाट राज्य मेरो हो, मैले देश निर्माण गर्नुपर्दछ भन्ने भावना र आफ्नो पनको विकास प्रत्येक व्यक्ति र समुदायमा उजागर गराउन सकिनेछ। यसर्थ विगतमा देशको समाजिक, आर्थिक एवं राजनीतिक प्रक्रियाबाट बाहिर पारिएका, अवसरबाट बञ्चित तथा निर्णय प्रक्रियामा पहूँच हुन नसकेका सबै वर्ग र जातजातिलाई देशको राज्य संयन्त्रमा समावेश गर्नसक्नुपर्दछ। अतः अब हत्या, हिंसा र वलजफतीका क्रियाकलापहरूलाई स्थायी रूपमा परित्याग गर्दै भय रहित वातावरणको सृजना गरी शान्ति र मेलमिलापवादी दृष्टिकोणलाई आत्मसात् गरी अगाडि बढ्न आवश्यक देखिएको छ।

## समावेशीकरणयुक्त...

पृष्ठ १ को बाँकी

कार्यक्रममा डा.हर्क गुरुङ्ग, डा.आत्माराम घिमिरे, प्रा.कृष्ण खनाल, एवं डा.चन्द्रमणी अधिकारीद्वारा क्रमश: सीमान्तीकरणबाट समावेशीकरणतर्फ, विकास र सुशासनका लागि सूचनाको पहुँच, शान्ति र जनमुखी प्रजातन्त्रका लागि सामाजिक एकीकरण एवं सामाजिक रूपान्तरणका लागि समतामूलक विकास र समावेशी राज्यप्रणाली विषयक कार्यपत्रहरू प्रस्तुत गरियो। उक्त कार्यपत्रहरूमाथि डा.आभादर्शन श्रेष्ठ, मीन विश्वकर्मा डा.अना मार्या पोन, विवेक राना, मल्ल के सुन्दर, प्रा.विजय कर्ण, डा.विश्वम्भर प्याकुरेल र डा.पुष्पा श्रेष्ठले टिप्पणी गर्नुभएको थियो।




समावेशी राज्यप्रणालीको प्रवर्द्धन गर्दै समतामूलक विकास, दिगो शान्ति र लोकतन्त्रका लागि सामाजिक एकीकरणको संयन्त्र तथा सुशासनको अभ्यासका लागि सूचनाको पहुँचका सम्बन्धमा वैकल्पिक उपायहरू पत्ता लगाउने उद्देश्यले सञ्चालित उक्त कार्यक्रममा समावेशीयुक्त नयाँ नेपालको निर्माणका लागि परिकल्पना गरी सोही अनुसार सहभागीहरूमाझ व्यापक छलफल गरी कार्यक्रमको अन्तमा राजनीतिक दलहरू समेतको समुपस्थितिमा निचोड प्रस्तुत गरियो, जसलाई समावेशी नयाँ नेपाल निर्माणका लागि एजेण्डाको रूपमा प्रयोग गर्न दवाव सिर्जना गरियो।

कार्यक्रममा एघार जिल्लाका चालीस् प्रतिनिधिहरूका साथै उपत्यकाका नागरिक समाजका प्रतिनिधि र राजनीतिक दलका प्रतिनिधि, प्राध्यापक, बुद्धिजीवी लगायत विद्यार्थी समेत गरी २०० जनाको सहभागिता रहेको थियो।

# सशस्त्र द्वन्द्व र राजनीतिमा महिला



साप-नेपालद्वारा नागरिक समाज, बुद्धिजीवी एवं राजनीतिक क्षेत्र र विभिन्न संघसंस्थाका व्यक्तित्वहरूलाई अभिव्यक्तिको मञ्च दिने र उहाँहरूका राय सुझाव एवं सल्लाहहरू संकलन गरी सम्बन्धित क्षेत्रमा पुऱ्याउने तथा दवाव दिने उद्देश्यले समय समयमा थुप्रै कार्यक्रमहरू आयोजना गर्दै आएको छ। यसै क्रममा यही २०६३ जेठ १३ गते साना हातहतियार नियन्त्रण (आइन्सा) सम्बन्धी सप्ताहव्यापी कार्यक्रम अन्तर्गत साप-नेपाल एवं सासा नेट नेपालको संयुक्त आयोजनामा 'सशस्त्र द्वन्द्व र राजनीतिमा महिला' विषयक अन्तरक्रिया कार्यक्रम आयोजना गरेको थियो।

कार्यक्रममा सहभागीहरूले सशस्त्र द्वन्द्वबाट बढिभन्दा बढि महिलाहरू नै पीडित भएका कारणले राजनीतिमा महिलाको भूमिका कम भएको तथा महिलाहरू सक्षम भएर पनि पुरुष मानसिकता हावी भएको कारण राजनीतिमा समर्पित महिलाहरूलाई अगाडि बढ्न नदिएको कुरा व्यक्त गरिएको थियो। साथ साथ महिलाहरूलाई राजनीति लगायत हरेक क्षेत्रका नीति निर्माण तहमा बढिभन्दा बढि सहभागी गराउन महिलाहरूले नै एकीकृत भई अगाडि बढ्नुपर्ने र उनीहरूलाई प्रोत्साहित गर्नुपर्ने एवं हरेक क्षेत्रमा पचास प्रतिशत आरक्षणको व्यवस्था गर्नुपर्ने कुरामा जोड दिइयो।

पूर्व राज्यमन्त्री एवं सांसद कमला पन्तको अध्यक्षतामा सञ्चालित उक्त कार्यक्रममा साप-नेपालका कार्यकारी निर्देशक तीर्थप्रसाद ज्ञवालीले सहभागीहरूको स्वागत गर्नुका साथै कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्दै भन्नुभयो, "साना हातहतियार नियन्त्रण अन्तराष्ट्रिय सञ्जाल (आइन्सा) नामक संस्थाको सप्ताहव्यापि अन्तराष्ट्रिय कार्यक्रम अन्तरगत कार्यक्रम आयोजना गरिएको हो। आइन्सा नामक संस्थाले संसारभरि नै साना हातहतियार नियन्त्रण सम्बन्धमा मे २२-२९ सम्म सप्ताहव्यापी कार्यक्रम मनाउने क्रममा दक्षिण एशियामा सापले पनि केही कार्यक्रमहरू आयोजना गरेको हो।

कार्यक्रममा नेपाल सदभावना पार्टीकी उर्मिला पाण्डे, नेकपा मालेकी सीता खड्का, अनेप्रम संघकी लीला सिटौला, जनक चालिसे, रत्नलक्ष्मी श्रेष्ठ, इन्दिरा श्रेष्ठ, निर्मला के.सी., भूमा पाण्डे, लीलासुब्बा रौनीयार, सीता दहाल, पुनमाया महर्जन, सुशीला श्रेष्ठ, सावित्री गुरुङ्ग, मोहमदी सिद्धिकी, भीमकुमारी बूढामगर आदि वक्ताहरूले सम्बन्धित विषयमा आआफ्नो मन्तव्य व्यक्त गर्नुभएको थियो।

# शान्ति स्थापना: राष्ट्रिय तथा अन्तराष्ट्रिय शक्तिहरू

साप-नेपाल तथा नागरिक समाज विकास परिषदद्वारा २०६३ भाद्र १५ गते साप-फल्चा बबरमहलमा **'शान्ति स्थापना: राष्ट्रिय तथा अन्तराष्ट्रिय शक्तिहरू'** विषयक अन्तरक्रिया कार्यक्रम आयोजना गरिएको थियो। साप इन्टरनेशनलका कार्यकारी निर्देशक डा.रोहितकुमार नेपाली सहजकर्ता रहनुभएको उक्त कार्यक्रममा साप-नेपालका कार्यकारी निर्देशक तीर्थप्रसाद ज्ञवालीले कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नुभएको थियो भने उक्त कार्यक्रममा द्वन्द्वविद् अंगराज तिमिल्सिना, पूर्व राजदूत जयराज आचार्य तथा प्रा.कृष्णबहादुर भट्टचन प्रमुख वक्ताका रूपमा रहनुभएको थियो। कार्यक्रममा सहभागी व्यक्तित्वहरूले हालको समस्या नेपालको आन्तरिक समस्या भएका कारण यस समस्याको समाधानको पहल आन्तरिक रूपबाटै हुनुपर्ने कुरामा एकमत रही त्यस समस्या समाधानका लागि भारत, अमेरिका, संयुक्तराष्ट्र संघ लगायत विभिन्न दातृसंस्थाहरूको पनि सहयोग मान्य हुनुपर्ने कुरामा जोड दिइएको थियो।

साप-नेपालका कार्यकारी निर्देशक तीर्थप्रसाद ज्ञवालीले वर्तमान परिस्थितिमा शान्ति स्थापनाको प्रक्रियालाई शंका उपशंकाको घेराभन्दा बाहिर राखी कसरी विश्वसनीय रूपमा अगाडि बढाउन सकिन्छ र यसभित्र रहेका वाधा व्यवधान, तथा कस्को के भूमिका रहने भन्ने सम्बन्धमा व्यापक छलफल गरी निष्कर्ष पहिल्याई सरकार, शान्तिवार्ता टोली तथा सम्बन्धित पक्षसम्म पुऱ्याई उपयुक्त सुझाव दिने उद्देश्यले कार्यक्रम आयोजना गरिएको कुरा व्यक्त गर्नुभयो।

कार्यक्रममा प्रमुख वक्ता अंगराज तिमिल्सिनाले नेपालको शान्ति प्रक्रियाको कुरा गर्दा नेपाली जनताले जनआन्दोलनमार्फत आफैंले खोजेको समाधान हो, प्रभावशाली नेतृत्व विना पनि प्रजातन्त्र अगाडि बढ्नसक्छ भन्ने कुराको पाठ यस जनआन्दोलनले सावित गरिदिएको छ भन्ने कुरा व्यक्त गर्नुभयो। साथै उहाँले यसबाट नेपालका माओवादीहरूले पश्चिमेली मुलुकहरूलाई समेत तीनछक्क पारिदिएको, जसले गर्दा अन्तराष्ट्रिय जगतले समेत विश्वसनियता गुमाएको अवस्था रहेको तर पनि अन्तराष्ट्रिय शक्तिको पनि शान्ति स्थापनामा अमूल्य भूमिका रहने कुरा व्यक्त गर्नुभयो।

*(बाँकी पृष्ठ ४ मा)*

# शान्ति स्थापना: राष्ट्रिय तथा अन्तराष्ट्रिय शक्तिहरु

*पृष्ठ ३ को बाँकी*

अर्का वक्ता पूर्व राजदूत जयराज आचार्यले नेपालको भौगोलिक स्थितिको कारण अन्तराष्ट्रिय शक्तिले नेपालको आन्तरिक स्थितिलाई निर्धारण गर्ने तथा नेपालको आन्तरिक समस्या एवं शान्ति स्थापनामा सर्वप्रथम छिमेकी राष्ट्र भारतको भूमिका महत्वपूर्ण रहने कुरा व्यक्त गर्नुभयो । यसको साथै उहाँले सर्वप्रथम त हामीले देशको सामाजिक र आर्थिक विकासलाई प्राथमिकता दिनुपर्छ, जसमा प्रत्येक वर्ग र समुदायले आफू पनि सहभागी छु भन्ने महसुस् गर्नसकोस् भन्ने कुरामा जोड दिनुभयो ।

कार्यक्रमका वक्ता डा.कृष्णभट्टचनले जवसम्म देशको शासन शक्तिमा उच्चवर्गको वाहुल्यता रहन्छ तवसम्म शान्ति स्थापनाले उपयुक्त मोड लिन नसक्ने कुरा व्यक्त गर्नुभयो । साथै उहाँले हालको 'अन्तरिम संविधान मस्यौदा २०६३' २०४७ को संविधानभन्दा खासै फरक नदेखिएको र यसले जातीय एवं भाषिक समस्या एवं स्वायत्तताको कुरालाई पटक्कै समेट्न नसकेको कारण विद्यमान समस्या समाधान हुननसक्ने हुनाले द्वन्द्वले अर्को मोड लिनसक्ने कुरा व्यक्त गर्नुभयो ।

नागरिक समाजका प्रतिनिधि, पत्रकार, प्राध्यापक, बुद्धिजीवी एवं विभिन्न व्यक्तित्वहरूको सहभागिता रहेको उक्त कार्यक्रममा पूर्व न्यायधीश् एवं अन्तरिम संविधान मस्यौदा समितका संयोजक लक्ष्मण अर्यालले अन्तरिम संविधान नेपाली जनताकै लागि निर्माण गरिएको तर पनि यो मस्यौदाले पूर्णता पाई नसकेका कारण यसका कमी कमजोरीहरू जनभावना अनुरूप सुधार गर्न सकिने कुरा व्यक्त गर्नुभयो ।



कार्यक्रममा नेकपा एमालेका राजेन्द्र श्रेष्ठ, प्राध्यापक सूर्यलाल अमात्य, रमणराज मिश्र, रूपा विष्ट लगायत विभिन्न व्यक्तित्वहरूले पनि आफ्ना जिज्ञासा एवं सुझावहरू प्रस्तुत गर्नुभएको थियो ।

## परिवर्तन व्यवस्थापन तालिम



साप-नेपाल तथा नागरिक समाज बिकास परिषद नेपालको संयुक्त आयोजनामा २०६३ असार २०-२२ सम्म साप-नेपाल केन्द्रिय कार्यालय बबरमहलमा परिवर्तन व्यवस्थापन तालिम सम्पन्न भयो ।

नेपालको वर्तमान बदलिदो परिस्थितिलाई मध्यनजर गरी परिवर्तित आयामको बारेमा सुसूचित गर्ने, भिन्न भिन्न आयामका परिवर्तनका बारेमा अध्ययन गर्ने, परिवर्तनका विभिन्न औजार र प्रविधिसंग परिचित गराउने उद्देश्यले आयोजित उक्त तालिममा डा.श्री कृष्ण श्रेष्ठ प्रशिक्षक रहनुभएको थियो । तालिममा विभिन्न जिल्ला विकास मञ्चलाई प्रतिनिधित्व गर्ने प्रतिनिधि सदस्यहरू तथा क्षेत्रीय कार्यलयका क्षेत्रीय प्रमुखहरू गरी जम्मा २२ सहभागीहरूको सहभागिता रहेको थियो ।

## युथ टेलिसेन्टरद्वारा सम्पन्न विभिन्न कार्यक्रमहरू

### ग्रामीण एवं शहरी युवाहरूको साझेदारीका लागि सूचना केन्द्र

साप-नेपाल तथा साप इन्टरनेशनलको सहयोगमा स्थापित युथ टेलिसेन्टर (वाइआइसी) ले विविध वर्ग र क्षेत्रका युवाहरूले आफूलाई सिर्जनशील र जिम्मेवारीबहन गरी मूलधारमा समाहित होउन् भन्ने उद्देश्य अनुरूप समय समयमा विभिन्न अन्तरक्रिया एवं विविध कार्यक्रमहरू आयोजना गर्दै आइरहेको छ । यसै क्रममा साप फल्चा, साप-नेपाल, बबरमहलमा उक्त टेलिसेन्टरले'ग्रामीण एवं शहरी युवाहरूको साझेदारीका लागि सूचना केन्द्र' विषयक एक दिने कार्यशाला सम्पन्न गऱ्यो ।

### वर्तमान राजनीतिक परिदृष्य र युवा चेतना

युथ टेलिसेन्टर (वाइआइसी)द्वारा २०६३ ज्येष्ठ ८ गते युवाहरूलाई वर्तमान राजनीतिक परिवेशका सन्दर्भमा ज्ञान हासिल गर्ने उद्देश्य अनुरूप 'वर्तमान राजनीतिक परिदृष्य र युवा चेतना' विषयक अन्तरक्रिया कार्यक्रम सम्पन्न गऱ्यो ।

### बृत्तचित्र प्रदर्शन

युथ टेलिसेन्टर (वाइआइसी)द्वारा २०६३ ज्येष्ठ १८ गते युवाहरूमाझ जनआन्दोलन भाग दुईबाट सफलता गरे पश्चात विद्यमान राजनीतिक संकटका सम्बन्धमा सूचना एवं समाचार सम्प्रेषण गर्ने उद्देश्य अनुरूप बृत्तचित्र 'द स्टेट अफ फियर' प्रदर्शन गरेको थियो, जुन बृत्तचित्रमा पेरुको राजनीतिक संकटका बारेमा प्रस्तुत गरिएको छ ।

# संविधानसभाको प्रक्रिया र चुनौतीहरू

## १. संविधानसभा

संविधानसभा भनेको जनताले आफूलाई आवश्यक पर्ने संविधान बनाउने संस्थागत माध्यम हो। यसबाट जनताले आफ्नो भाग्य आफैं निर्धारण गर्दछन्। यसको साध्य भनेको जनताले आफ्नो अधिकार प्रयोग गरी नयाँ संविधान निर्माण गर्ने हो। यसबाट जनताले आगामी दिनमा कस्तो शासन प्रणाली अपनाउन चाहन्छन् भन्ने कुराको निर्क्यौल गर्दछन्। यसले जनइच्छालाई वैधता दिन्छ।

संविधानसभाको सम्बन्धमा चर्चा गर्दा लोकतन्त्रलाई पनि बुझ्नु जरुरी छ। लोकतन्त्रलाई आफ्नो मूल्य मान्यताको रूपमा वास्वतमा नै स्वीकार गर्ने हो भने, सबैको अस्तित्व र पहिचानलाई समेट्ने प्रयास गर्नसक्नुपर्दछ। सीमाङ्कित वर्गको राज्यको पुनर्निर्माणको प्रक्रियामा सम्मानजनक तवरवाट प्रतिनिधित्व गराउन सक्नुपर्दछ। राज्य मेरो हो, मैले देश निर्माण गर्नुपर्दछ भन्ने भावना र आफ्नोपनको विकास प्रत्येक व्यक्ति र समुदायमा उजागर गराउन सक्नुपर्दछ। उनीहरूको व्यापक सहभागिताका लागि संविधानसभाले विभिन्न प्राविधिक समूह तथा संचारका माध्यममार्फत जनताको राय र सुझावलाई संकलन गर्नुपर्ने हुन्छ। यसरी संकलित राय एवं सुझावलाई प्रत्येकले बुझ्ने स्थानीय भाषामा अनुवाद गरी प्रकाशित गर्दै पुन: विज्ञहरूवीच छलफलमा ल्याई निर्क्यौल गरिनु बढि लोकतान्त्रिक हुनसक्दछ।

## २. संविधानसभाको प्रक्रिया

संविधानसभा राष्ट्रिय र अन्तराष्ट्रिय सम्बोधन प्राप्त 'एजेण्डा' बनिसकेको छ। यस निर्णयलाई कार्यान्वयनमा स्थापित गर्नुपर्दछ। संविधानसभाको सम्पूर्ण प्रक्रिया प्रष्ट हुनुपर्दछ। संविधानसभामा हरेक जनताको आवाज हुनुपर्दछ। संविधानसभाको लागि आचार संहिता निर्माण गर्नुपर्दछ। विभिन्न जाति, जनजाति, निकायहरूका अन्तर सम्बन्ध र राजनीतिक स्वरूप निर्धारण गर्नुपर्ने भएकोले संविधानसभामा कसरी जाने ? एक व्यक्ति वा समुदायको प्रतिनिधित्व हुने हो वा के हुने ? गठन कसरी गर्ने ? संविधानसभाको निर्वाचन नहुन्जेलसम्मको प्रक्रिया के हुने ? माओवादीसंग सहमति नगरेसम्म के गर्ने ? जस्ता यावत कुराहरूमा संविधानसभामा पुग्नु अगावै व्यापक छलफल गरी प्रष्ट रूपमा आउनुपर्दछ।

### २.१. लोकतान्त्रिक समावेशीकरण

नेपाली समाजको विविधतालाई समेट्ने एवं सुदृढ पार्ने किसिमको संविधानसभाको स्वरूप निर्धारण गर्नुपर्दछ। समावेशीकरणको प्रक्रिया संविधानसभाबाट नै सुनिश्चित हुनुपर्दछ, जसमा महिला, दलित, जनजाति, मधेशी दुर्गम क्षेत्रका वासिन्दा तथा पिछडिएका वर्ग लगायत नागरिक समाजको प्रतिनिधित्व हुनुपर्दछ।

### २.२. राज्य पुन:संरचना

राज्यसंरचनामा भूगोलको मात्र नभई विभिन्न भाषा भाषी, जात जाति तथा संस्कृति आदिको प्रतिनिधित्व हुनुपर्दछ। राजनीतिक परिवर्तन संगसगै जनताको आवाजलाई प्रतिनिधित्व गर्ने राजनीतिक दलका प्रतिनिधिहरूको सोंच र व्यवहार तथा नीतिमा परिवर्तन हुनुपर्दछ। विगतमा समावेशीकरण हुन नसकेको राज्य संयन्त्रमा अब देशका सबैवर्ग र जातजातिलाई समावेश गर्न सक्नुपर्दछ। श्रोतको वितरण, शक्तिको पुन: बाँडफाँड, विभिन्न जातजाति समुदायको राज्यमा समानुपातिक प्रतिनिधित्वको सुनिश्चितता गर्नुपर्दछ।

## ३. संविधानसभाको गन्तव्य चुनौती र प्रक्रिया

### ३.१. संविधानसभाबाट मुद्दा समाधान

संविधानसभाको प्रथम चुनौती भनेको आगामी दिनहरूमा नेपालको भविष्य संरचना कस्तो हुने? यसको राज्य संरचना कस्तो हुने? राजनीतिक व्यवस्था कस्तो हुने? स्वरूप कस्तो हुने? प्रजातान्त्रिक लोकतन्त्रको भविष्य कस्तो हुने? भन्ने कुरामा समान सहमति र समझदारी कसरी ल्याउने त्यही हो। धेरै राजनीतिक मुद्दाहरूलाई संविधानसभामा गएर समाधान गरौं भन्ने रणनीतिबाट गयो भने त्यो संविधानसभाले सफलता हाँसिल गर्नसक्दैन। यो विश्वको अनुभव पनि हो र वास्तविकता पनि हो। यसर्थ हामीले यस कुरालाई विशेष ध्यान दिई संविधानसभामा जानुपर्दछ।

### ३.२. बृहत् सहमति अत्यावश्यक

संविधानसभाको सम्बन्धमा देखिएको अर्को चुनौती सातदल तथा माओवादीहरूवीच भविष्यमा हुने संविधानको स्वरूपका सम्बन्धमा हुनसक्ने धेरै मतभिन्नताहरू नै हो। यसर्थ यसको लागि राजनीतिक तहमा राष्ट्रिय सहमति आउनुपर्दछ। त्यो राष्ट्रिय सहमति आगामी संविधानमा आधारभूत स्वरूपहरू के के हुने र कस्तो किसिमको राज्यसंरचना हामीले तयार पार्ने ? भन्ने कुरामा नै साझा सहमति भएन भने त्यो संविधानसभा अगाडि बढ्नसक्दैन। त्यसैले यसलाई कसरी सफल पार्ने भन्ने कुरा नै ठूलो चुनौतीको रूपमा रहेको छ।

### ३.३. संविधानसभाको लागि खाका

संविधानसभाबाट बन्ने संविधानमा आधारभूत स्वरूप यो यो हुने भनेर एउटा बृहत्त सहमतिको लागि कसरी कार्य गर्ने भन्ने ठूलो चुनौतीको रूपमा देखिएको छ। जसरी दक्षिण अफ्रिकामा संविधानसभामा जानुपूर्व नै त्यो संविधानसभाले बनाउने संविधान कस्तो हुन्छ भनेर उनीहरूले राजनीतिक समझदारीबाट बृहत्त रूपमा एउटा खाका तयार पारेका थिए, त्यसरी नै नेपालमा पनि संविधानसभामा जानुपूर्व नै एउटा खाका तयार पार्नुपर्दछ।

### ३.४. समन्यायिक र समावेशी संविधानसभा

समन्यायिक र समावेशी संविधानसभाका लागि विभिन्न प्रक्रियाहरूलाई केलाएर सबै दृष्टिकोणबाट समुचित र व्यवहारोपयोगी बनाउनुपर्दछ। विभिन्न देशको अनुभव र विज्ञहरूका अवधारणाहरू मार्गदर्शन हुनसक्दछन्। तर, हामीले आफ्नो देशको भू-बनोट, सामाजिक-सांस्कृतिक परिवेश, जातीय विविधता, आर्थिक स्थितिलाई पनि कदापि विर्सन हुँदैन।

### ३.५. राजनीतिक समाधान आवश्यक

माओवादीहरू सामन्तवादको विरोधको कुरा गरिरहेका छन्, जातियता र पहिचानको आधारमा संविधान गठन गर्ने कुराहरू गरिरहेका छन्, गणतन्त्रका कुरा गरिरहेका छन्। धेरै कुराहरू यस्ता छन्, जुन कुराहरूमा राजनीतिक समाधान हुन जरुरी छ।

### ३.६. अन्तरिम संविधान

संविधानसभामा जानको लागि एउटा अन्तरिम संविधानको अत्यावश्यक पर्दछ। संसदले भरखरै ऐतिहासिक घोषणा गरिसकेको छ। त्यसपछि आएर प्रतिनिधिसभा नियमावली पनि तयार गरिसकेको छ। अब हामीलाई अन्तरिम संविधानको अत्यावश्यक छ, जुन संविधानले यो घोषणा, घोषणामा राखेका कुराहरू र प्रतिनिधिसभा नियमावलीमा परेका कुराहरूलाई मिलाएर एउटा अन्तरिम संविधान संक्रमणकालीन् समयका लागि आधारभूत कानुनको रूपमा घोषणा गर्दछ। उक्त अन्तरिम संविधानले नै सारा अन्य विद्यमान संविधानलाई पनि खारेज गरेर अरू सम्पूर्ण कानुनी व्यवस्थालाई वैधानिकता दिने एउटा मान्यताको रूपमा स्थापित गर्नेछ।

### ३.७. हतियार व्यवस्थापन र अन्तराष्ट्रिय संलग्नता

कुनै पनि संविधानसभाको वैधानिकताको आधार भनेको स्वतन्त्र विचार हो। जनताको वास्तविक प्रतिनिधित्व हुने हुनाले संविधानसभाको निर्वाचनबाट जुनसुकै परिणाम आएता पनि फेरि एकपल्ट हतियार उठाएर त्यसलाई दखल गर्ने सम्भावना छ भन्ने कुराको डर जवसम्म जनतामा

क्रमश:

रहन्छ तवसम्म त्यो संविधानसभाले वैधानिकता प्राप्त गर्नसक्दैन । त्यसैले हतियारलाई कसरी स्थायी रूपमा व्यवस्थापन गर्ने ? त्यो प्रष्ट हुनुपर्दछ । दुवैतर्फबाट हतियारको प्रयोग बन्द गर्नुपर्दछ । हतियारलाई संयुक्त राष्ट्रसंघको निगरानीमा राख्नुपर्दछ र निर्वाचनको समयमा संयुक्त राष्ट्रसंघले पर्यवेक्षण गर्नुपर्दछ ।

### ३.९. सेना व्यवस्थापन

सेनालाई जनप्रतिनिधिमूलक एवं प्रजातान्त्रिक बनाउन नेपाल सेनामा परिवर्तन गर्नुपर्दछ र सेना जनताप्रति उत्तरदायी र सतर्क हुने किसिमको कानुन बनाउनुपर्दछ । हतियार प्रदर्शन र प्रयोग दुवैतर्फबाट बन्द गरिनुपर्दछ । सेनालाई प्रजातान्त्रीकरण गरिनुपर्छ । जनताले भय र त्रासरहित वातावरणमा आफ्ना विचारको मत दिन पाउनुपर्दछ । अन्तरिम सरकारमा माओवादी सामेल भइसकेपछि दुईतर्फी सेना रहनुहुँदैन । माओवादी सेनालाई पनि व्यवस्थापन गर्नुपर्दछ ।

### ३.१०. संविधान निर्माण मस्यौदा समिति

संविधान निर्माणका लागि संविधानका ज्ञाताहरूलाई राख्नुपर्दछ । संविधान मस्यौदा समितिलाई सहयोग गर्न संविधानविज्ञहरूको एउटा प्राविधिक समिति पनि बनाउनुपर्दछ । त्यो मस्यौदा समितिको माण्डेट लिएर प्राविधिक समितिले राजनीतिक मार्गदर्शनलाई ध्यानमा राख्दै अस्थायी मस्यौदा तयार पार्नुपर्दछ । मस्यौदा समितिले तयार पारेको मस्यौदा संविधानको विभिन्न भागहरूलाई विभिन्न विषय समितिमा छलफलमा पठाउनुपर्दछ । त्यो विषय समितिमा पनि सबै दल र समुदायको समुचित प्रतिनिधित्व हुनुपर्दछ । ती समितिले आआफ्नो भागको संविधानको व्यवस्थाहरूलाई पुनर्विचार गरेर त्यसको प्रतिवेदन तयार पारेर त्यो दुवै सदनमा प्रस्तुत गर्नुपर्दछ र दफावार छलफल गरेर एउटा संविधानको खाका तयार पार्ने काम गर्नुपर्दछ । संविधानसभामा सबै कुरा कसरी पारित गरेर लाने भन्ने कुरामा पनि संविधानसभाले नै प्रक्रिया निर्धारण गर्दछ ।

### ३.११. संविधानसभाको निर्वाचन

संविधानसभालाई निर्वाचन गर्ने उद्देश्यको लागि मात्र संविधानसभाको स्वरूप के हुने त्यसको परिभाषा र त्यसको निर्वाचन प्रक्रियाको सम्बन्धमा पनि सबै कुराहरूलाई राखेर एउटा संविधानसभा निर्वाचन ऐन पास गर्नु आवश्यक छ । त्यो ऐन पास गरिसकेपछि ऐन अनुसार संविधानसभाको निर्वाचनमा जानुपर्दछ । निर्वाचनमा जाँदा प्रतिनिधित्वको मोडल के हुने, कसरी निर्धारण गर्ने भन्ने कुराहरू अर्को मुद्दाको रूपमा छ । यसलाई पनि हामीले स्वीकार गर्‍यौं भने त्यो संविधानसभा निर्वाचन ऐन अनुसार निर्वाचन भएर आएको संविधानसभा अनुरूप संविधान मस्यौदाको कुरा आउँछ । राजनीतिक सहमतिबाट आएको खाकालाई परिस्कृत पार्ने, त्यसलाई मासु भर्ने, क्रम दिने, औपचारिक वैधानिकता दिने काम संविधानसभाबाट गर्ने क्रममा त्यसलाई हामी मार्गदर्शनको रूपमा लिनसक्छौं ।

## ४. समन्यायिक र समावेशी निर्वाचन पद्धति

### ४.१. समानुपातिक निर्वाचन पद्धति

समानुपातिक निर्वाचन पद्धतिको मूलभूत मान्यता र आधारभूत उद्देश्य सबै तह, तप्काका र अल्पसंख्यामा परेका राजनीतिक दलहरूले पनि आफ्नो गच्छेअनुसारको प्रतिनिधित्व पाउन सकून भन्ने नै हो । यसले सबैको प्रतिनिधित्वको अधिकारलाई सम्मान गर्दछ । पाएको मतसंख्याको आधारमा कुनैपनि राजनीतिक दल एवं समूहले प्रतिनिधित्वको अधिकार राख्दछ । समग्रमा अल्पसंख्यकमा परेका राजनीतिक दल एवं राजनीतिक समूहलाई पनि समूचित ठाउँ दिने पद्धति नै समानुपातिक निर्वाचन पद्धति हो ।

### ४.२. सूचीकृत निर्वाचन पद्धति

सीमांङ्किकत समुदायको प्रतिनिधित्वको लागि सूचीकृत समानुपातिक पद्धति नै उपयुक्त र व्यवहारिक हुनसक्दछ । समानुपातिक निर्वाचन पद्धतिको सबभन्दा वढि सहज र सरल पद्धति सूचीकृत निर्वाचन पद्धति हो, जसमा प्रत्येक राजनीतिक दल एवं समूहले तोकिएको बहुसदस्यीय निर्वाचन क्षेत्रमा तोकिएको संख्यामा उमेदवारीको लागि सूची निर्माण गर्ने गर्दछन् । यसरी निर्माण गर्ने सूचीमा सीमाङ्किकत समुदायलाई प्राथमिकताका साथ सूचीबद्ध गरिनुपर्दछ ।

### ४.३. सूचीकृत निर्वाचन पद्धतिको प्रक्रिया

सूचीकृत निर्वाचन पद्धति अन्तर्गत पनि विभिन्न किसिमका उपपद्धति रहेका देखिन्छन् । बढि प्रचलनमा आएकामा खुला सूची प्रणाली र गोप्य एवं बन्द सूची प्रणालीलाई लिन सकिन्छ । सिमाङ्कित समुदायको प्रतिनिधित्वका दृष्टिकोणले सबभन्दा बढि व्यवहारिक, सरल र सहज पद्धति गोप्य सूचीकृत पद्धति हुनसक्दछ । यसमा तोकिएको उम्मेदवारको सूची सार्वजनिक गरिदैन ।

## ५. सीमाङ्क्िकत समुदायको समन्यायिक प्रतिनिधित्वका लागि विकल्पहरू

### ५.१. सीमाङ्क्ित समुदायको लागि निश्चित प्रतिशत सिटहरू सुरक्षित गर्नुपर्ने गरी व्यवस्था गर्नुपर्नेः

सीमाङ्किकत समुदायको राजनीतिक मूलप्रवाहीकरण र उनीहरूको सवालको नयाँ बन्ने संविधानमा सक्रिय प्रतिनिधित्वका लागि राजनीतिक दल एवं राजनीतिक समूहले सीमाङ्किकत समुदायको जनसंख्या र भोग्दै आएको असमावेशीको स्थितिलाई मूल्याङ्कन गरी निश्चित प्रतिशत सिटहरू सुरक्षित गर्नुपर्ने देखिन्छ ।

### ५.२. सीमाङ्क्ित समुदायका लागि नै भनेर पृथक र विशेष निर्वाचन क्षेत्रको निर्माण गर्न सकिनेः

सीमाङ्किकत समुदायको लागि नै भनेर पृथक र विशेष निर्वाचन क्षेत्रको निर्माण गर्नुपर्दछ । यसरी निर्माण गरिएका विशेष निर्वाचन क्षेत्रमा सबै राजनीतिक दल एवं राजनीतिक समूहले अमूक सीमाङ्कित समुदायका प्रतिनिधिलाई मात्र उम्मेदवारी दिने गरी व्यवस्था गर्नुपर्ने देखिन्छ । जस्तो १०, १० सिटसहितका २० वटा वहुसदस्सीय निर्वाचन क्षेत्र निर्धारण गरिने हो भने १० वटा निर्वाचन क्षेत्रमा सीमाङ्कित समुदायवाट मात्र उम्मेदवारी पर्ने गरी प्रष्ट व्यवस्था गर्नुपर्ने हुन्छ ।

### ५.३. समुदायमा कार्यरत नागरिक समाज तथा विभिन्न हितसमूहलाई पनि उम्मेदवारी दिनुपर्ने गरी आवश्यक व्यवस्था गर्नुपर्नेः

निश्चत रूपमा राजनीतिक दलको यस निर्वाचन पद्धतिमा अहम् भूमिका हुने हुँदा सबै हितसमूह एवं नागरिक समाज र वौद्धिक जगतका प्रतिनिधिलाई पनि उम्मेदवारी दिनेगरी व्यवस्था गर्नुपर्ने देखिन्छ तथा समानुपातिक पद्धतिमा पनि न्यूनजनसंख्या भएका तर राज्यको मूलप्रवाहीकरणवाट पूर्णरुपमा टाढा रहन बाध्य रहेका वर्गको प्रतिनिधित्वका लागि क्षतिपूर्ति स्वरूप सिट उपलव्ध गराउने पद्धतिको पनि विकास गरिएको पाइन्छ । तसर्थ यस पद्धतिलाई पनि मध्यनजर गर्नुपर्ने देखिन्छ ।

## ७. जनमतको अधिकार

एकपटक हामी संविधानसभामा गएपछि नेपालमा भएका जतिपनि विवादका मुख्य विषयहरू छन् त्यो संविधानसभाबाट समाधान हुनुपर्दछ । संविधानसभाबाट विवाद हुननसक्ने सम्भावना नराख्न पहिले नै एउटा बृहत् राजनीतिक सहमतिबाट एउटा भविष्यको खाका तयार गर्नुपर्दछ । त्यति गर्दागर्दै पनि संविधानसभामा महत्वपूर्ण सवालमा सहमति कायम हुनसकेन, ठूलो विभाजन भयो भने जनतालाई जनमतको अधिकार दिनुपर्दछ ।

*द्रश्टव्यः साप-नेपालद्वारा आयोजित विभिन्न कार्यक्रममा प्रस्तुत कार्यपत्र एवं मन्तव्यका आधारमा तयार पारिएको ।*

# नागरिक समाज संस्थामा संस्थागत लोकतान्त्रिक शासन



■ गोविन्द बहादुर श्रेष्ठ

## १. परिचय

नागरिक समाज संस्था (नाससं)हरूको विकास प्रकृया धेरै लामो समयदेखि शुरु भएको भएतापनि सन् १९८०को दशकदेखि यसले खेल्दै आएको महत्वपूर्ण भूमिकाले सबैलाइ आकर्षित गरेको छ। राष्ट्रिय-अन्तरराष्ट्रिय सम्बन्ध विस्तार, गरिवी उन्मूलन, मानवअधिकार संरक्षण, वातावरण संरक्षण, राहत प्रदान गर्ने लगायत विभिन्न क्षेत्रमा उल्लेखनीय भूमिका निर्वाह गर्दै आएका यी संस्थाहरूको प्रभाव विश्वको नीति निर्माणमा समेत महत्वपूर्ण वन्दैगएका कारण सरकार तथा प्रमुख वहुपक्षीय संस्थाहरूले समेत आफ्ना सेवा एवं निर्णय प्रकृयामा नागरिक समाज संस्थाहरूलाई संलग्न गराउदै आएका छन्।

विश्वव्यापी रूपमा फैलदैगएको विश्वव्यापीकरण, लोकतान्त्रीकरण र सूचना प्रविधिको तीव्र विकाससंगै कसरी आफूलाई सक्षम वनाउँदै जाने भन्ने चुनौती नाससं माझ छ भने अनुदानमै पनि विश्वव्यापीकरण हुँदै गएको आजको परिस्थितिमा यिनीहरू कसका लागि र कसको चाहनामा संचालित छन् भन्नेदेखि लिएर यिनका पारदर्शिता, उत्तरदायित्वपन र वैधताका सम्वन्धमा चर्चा परिचर्चा र आलोचना समेतहुने गरेको छ। यस्ता आलोचनाहरूलाई सतर्कताका साथ संवोधन गर्न नसकेको खण्डमा नाससं स्वयंको विश्वसनियतामा संकट आई यसको प्रभावकारितामा समेत आंच आउनसक्ने भएकाले नाससं स्वयंवाट सुशासन अभिवृद्धिका लागि पहलकदमी गर्न अति जरुरी भएको छ। जन आन्दोलन २ वाट प्राप्त लोकतन्त्र र शान्तिका पुर्वाधारहरूले सेना, सरकार, नागरिक समाज र माओवादी समेतका राजनैतिक दलहरूलाई प्रजातान्त्रीकरणको वाटोमा लाग्न प्रशस्त अवसरहरु मिलेको अवस्थामा नाससंहरूले पनि आ-आफ्नो संस्थागत लोकतान्त्रिक शासन प्रणालीको अभ्यासलाई दरो वनाई सदा झै परिवर्तनको वाहकको रूपमा चिनाउन जरुरी भएको छ। एउटा उपयुक्त लोकतान्त्रिक सुशासनका आधारभूत मापनहरूको सहमतिमा नाससंहरू पुग्न सकेको खण्डमा यसले नयां राष्ट्र निर्माणमा ठूलो योगदान पुऱ्याउनेछ।

लोकतान्त्रिक प्रणालीतर्फ वामे सर्दै गरेको मुलुकका नेपाली नाससंहरूले सुशासन के हो र यसलाई कसरी अभ्यास गर्ने भन्ने विषयमा प्रशस्त समय खर्चगर्नुपर्ने हुन्छ। तरपनि नाससंहरू स्वयं संस्थागत सुशासनको श्रोतको रूपमा अगाडि आउने हो भने छोटो समयमै पनि धेरै उपलब्धि हासिल गर्ने कुरामा दुइमत नहोला। तसर्थ नेपाली नाससंहरूवीच आवश्यक छलफल गर्दै नाससंको सुशासन प्रवर्द्धन गर्न जरुरी देखिएको छ।

## २. सुशासन

आइडिएका अनुसार शासन सहभागितामूलक, पारदर्शी, जवाफदेही र समान हुनुपर्दछ। यसले व्यक्तिको नभई विधिको शासनलाई प्रवर्द्धन गर्दछ। सुशासनले राजनैतिक, सामाजिक र आर्थिक प्रथमिकताहरू समाजको व्यापक सहमतिमा आधारित हुन्छन् र गरिव तथा संकटमा परेकाहरूको आवाज नीति निर्माण प्रकृयामा सुनिन्छ भन्ने निश्चितता दिन्छ। पारदर्शिता, जवाफदेहिता, सहभागिता, समता, विधिको शासन, सक्षमता र प्रभावकारिता, उत्तरदायी,सहमति अभिमुखीकरण, दिर्घकालीन सोंच आदि सुशासनका सार तत्वहरु हुन्। यी सवै गुणहरू एकआपसमा अन्तर सम्वन्धित र सहायक छन्। उदाहरणको लागि सूचनामा पहुंच भन्नाले वढि पारदर्शिता, व्यापक सहभागिता र वढि प्रभावकारी नीति निर्माण भन्ने वुभिन्छ। त्यस्तै व्यापक सहभागिताले प्रभावकारी नीति निर्माण र निर्णयहरूलाई वैधता प्रदान गर्न चाहिने सूचना आदान प्रदानमा योगदान पुऱ्याउंदछ (आइडिइए, ११८)।

सुशासनलाई जुन किसिमले परिभाषित गरिए तापनि तिनीहरु सुशासनका तीनवटा आधारभूत तत्वहरु अन्तर्गत पर्दछन्। (क) **जवाफदेहिताले** प्रभावकारितालाई निर्दिष्ट गर्दछ जहां शासितहरूले शासकहरुलाई प्रभाव पार्नको लागि अभ्यास गर्नसक्दछ। (ख) **वैधता** नागरिकहरुसंग राज्यले शक्ति अभ्यास गर्ने अधिकारसंग र यी अधिकारहरू कुनहदसम्म सही रूपले अभ्यास गरियो भन्ने अवधारणासंग सरोकार राख्दछ। (ग) **पारदर्शिताले** नीति निर्माणमा सर्वसाधारणको पहुंचलाई सुनिश्चितता दिनका लागि अपनाइएको संयन्त्रको स्थितिलाई जनाउंदछ। (रविन्सन: १९९६, ३४७)। शासनप्रति जनताको सकारात्मक प्रतिक्रिया र सक्रिय सहभागिताका लागि सूचना प्रवाह पारदर्शी हुनुपर्दछ (श्रेष्ठ, २००४)

## ३. नाससंमा सुशासन

न्यायिक समाजको विकास गर्न र सुशासनका उपलब्धिहरूको समान रूपले उपभोग गर्न र गराउन राज्य, वजार र जनसमाजको समान भूमिका हुन्छ। नाससंहरू पनि जनसमाजको एक अभिन्न अंग भएकोले सुशासन प्रवर्द्धनमा यिनीहरूको भूमिका उल्लेखनीय छ।

**नाससंमा सुशासन भन्नाले** नागरिक समाज संस्थाहरूले साझा लक्ष्य प्राप्तिका लागि सक्षम नेतृत्व तथा सामूहिक प्रयत्नद्वारा विधिवत रुपमा स्वशासित हुंदै गरिने कार्य संचालन प्रकृयालाई वुझ्न सकिन्छ। साथै जनता र देशको हितमा जनइच्छा अनुरूप नीति निर्माण र कार्यान्वयन गर्ने, श्रोत परिचालन र व्यवस्थापन गर्ने र समाजमा एकता कायम गर्ने जस्ता कामहरूको संदर्भमा निर्देशन र नियन्त्रणका लागि नाससंहरूले प्रयोग गर्ने शक्ति वा अधिकारहरूलाई पनि जनाउंदछ।

नाससंको शासनलाई वुझ्न उनीहरूले सुशासनका तत्वहरूप्रति प्रदर्शन गरेको मूल्य, मान्यता, आचरण र व्यवहारलाई बुझ्नुपर्दछ। तसर्थ नाससंमा सुशासन अभिवृद्धिका लागि निम्न लिखित सुशासनका तत्वहरुलाई अवलम्वन गर्नु अत्यावश्यक छ ।

**पारदर्शिता:** संस्थाको नीति निर्माणमा सर्वसाधारणको पहुंचलाई निश्चितता दिनका लागि अपनाइएको संयन्त्रको स्थितिलाई पारदर्शिता भनिन्छ। संस्थाहरूले जनताप्रति पारदर्शी र जवाफदेही हुन पर्याप्त मात्रामा संयन्त्रहरूको अवलम्वन गर्नुपर्दछ। प्रक्रिया, श्रोत साधनको प्राप्ति, परिचालन र वितरणको जानकारी समुदाय र सम्वन्धित निकायलाई उपलव्ध हुनु पारदर्शिता हो। संस्थाले पारदर्शितालाई प्रत्याभुति दिने पर्याप्त संयन्त्र व्यवहारमा लागू गर्नुपर्दछ ताकि संस्थाको एजेण्डा, कार्यक्रम, प्रकृया र संरचना लगायत श्रोत साधनको प्राप्ति, परिचालन र वितरणको जानकारी समुदाय र सम्वन्धित निकायलाई सरल ढंगले उपलव्ध हुनसकोस्। संस्थाका प्रकृयाहरू र सूचनाहरू वुझ्न तथा अनुगमन गर्न पर्याप्त हुनुपर्दछ। साथै सरोकारवालाहरूको पहुंचमा हुनुपर्दछ। संस्थाले कार्यगत नीतिहरू र प्रक्रियाहरूलाई आत्मसात गर्नुपर्दछ। उक्त नीति र प्रक्रियाहरू (अर्थिक कृयाकलाप: वजेट, लेखा परीक्षण प्रतिवेदन, आन्तरिक तथा वाह्य आम्दानीका श्रोतहरू, विधान, सदस्यता वितरण, निर्वाचन प्रकृया, अन्य नीति नियम र कार्यक्रम: कार्यक्रम प्रतिवेदन, कार्यान्वयन, श्रोत परिचालन, सूचना, अनुगमन तथा मूल्यांकन, साझा समस्याहरू सुल्झाउने कार्यनीतिहरू, ज्ञान, शीप, श्रोत र अनुभवहरू आदान प्रदान) पर्दछन्। नियमित निर्वाचन, खुल्ला सदस्यता, निर्वाचनमा उम्मेदवारीका लागि अधिकार र उचित वातावरण, समान अधिकार र अवसरको श्रृजना जस्ता विषयहरू पनि यस अन्तर्गत पर्दछन्। नियमित वैठक तथा साधारण सभाले पनि पारदर्शिताको सुनिश्चितता गर्दछ। संस्थाका गतिविधिहरूको सही जाकारी भएको नियमित सूचना प्रवाह र प्रकाशनले पनि पारदर्शितालाई जनाउंदछ।

*(बाँकी पृष्ठ ८ मा)*

# नागरिक समाज...

पृष्ठ ७ को बाँकी

**सहभागिता:** संस्थाको विभिन्न तहमा सबै वर्ग र समुदायको पहुंच हुनु नै सहभागिता हो । संस्थाका सम्पूर्ण कार्यहरू लगायत मुद्दा छनौट, योजना तयारी, कार्यान्वयन, अनुगमन र मूल्यांकनका चरणहरूमा सरोकारवालाहरू खासगरी कार्यवाट प्रभावित समुदायहरू र हकवालाहरूको निर्णायक सहभागिता हुनुपर्दछ । संस्थाले नीति निर्माणमा नागरिकहरूको आवाज अभिव्यक्त गर्नका लागि आवश्यक संयन्त्रको व्यवस्था गर्नुपर्दछ । वैज्ञानिक सहभागितामूलक पद्धतिहरूको (सार्वजनिक लेखा, पिआर ए, आरआरए, सकारात्मक सोध, माकुरे जाल आदि) अभ्यास गर्नुपर्दछ । सवैलाई समान अधिकार र अवसरको श्रृजना हुनुपर्दछ ।

**प्रतिनिधित्व**: संस्थाको निश्चित लक्ष्य प्राप्तिको लागि विभिन्न जात जाति, धर्म, पेशा, वर्ण र लिङ्गको भेदभाव नराखी क्षमता, दक्षताको आधारमा स्वस्फूर्त हुने वातावरणको सृजना गरी जिम्मेवारी वहन गराउनुनै प्रतिनिधित्व हो । कार्यक्रमको निर्णायक समिति, स्थानीय परियोजना व्यवस्थापन समूह, संस्थागत समिति वा शासन, लगायत उपभोक्ता समितिहरू आदिमा प्रतिनिधित्व यस अन्तर्गत पर्दछन् ।

**जवाफदेहिता:** नाससंहरू नागरिकको इच्छा आकांक्षा, आवश्यकता र समस्याप्रति संवेदनशील र सचेत हुनुको साथै समाज, सरकार तथा साझेदार संस्थाप्रति उत्तरदायी वहन गर्नु नै जवाफदेहिता हो । नाससंका पद धारण गर्ने व्यक्तिहरू र संस्था आफ्नो व्यवहारप्रति जवाफदेही हुनुपर्छ । संस्थाले जनताप्रति जवाफदेही हुन पर्याप्त मात्रामा संयन्त्रहरूको अवलम्वन गर्नुपर्दछ । नाससंहरू दातृ संस्थाको माग भन्दा पनि आफ्नो प्रारम्भिक एजेन्डाहरूमा केन्द्रित हनुपर्दछ । स्वतन्त्र स्वचालित कार्यतन्त्रको सदस्यता, कार्यतन्त्रमा आफ्नो भूमिका वारे सचेत छाता संस्थाप्रति जवाफदेही सदस्यहरू र प्रभावकारी आचार संहिता यस अन्तर्गत पर्दछन् । पदाधिकारीहरूको आचरण र व्यवहार, जस्तै उनीहरूले वैठकमा गरेका निर्णयहरूको पालना, निर्वाह गरेको जिम्मेवारी, जनताको आवश्यकताप्रति राखेको चाहनाले जवाफदेहिताको संकेत गर्दछ । त्यस्तै गरी कार्य समितिका सदस्यहरू तथा पदाधिकारीहरूवीच हुने शक्तिको पृथकीकरण, हस्तान्तरण र गतिशीलताले पनि जवाफदेहिताको प्रमाण दिएको हुन्छ ।

**उत्तरदायित्व:** निश्चित लक्ष्य र उद्देश्य प्राप्तिका लागि तोकिएका दायित्ववोध गरी संस्थाद्वारा कर्तव्य र अधिकार निर्वाह गर्ने प्रक्रिया नै उत्तरदायित्व हो । संस्था र यसका प्रकृयाहरू सर्वसाधारणका लागि उत्तरदायी हुनुपर्दछ र उपयुक्त समयमा सबै सरोकारवालाहरूलाई सेवा प्रदान गर्नुपर्दछ । संस्थाहरूले सेवा प्रदान गर्ने र जनवकालत गर्ने कामहरूलाई साथसाथै लानुपर्छ ।

नागरिक समाज संस्थाहरूको उत्तरदायित्व वृहत सरोकारवाला समाज हुनुपर्दछ क) समुदाय जो संग काम गर्दछ, ख) संस्थाका आफ्नै सदस्यहरू, ग) समर्थक र कार्यकारीहरू, घ) आर्थिक सामाग्री तथा सेवा प्रदान गर्नेहरू ङ) साझेदार संस्थाहरू ( दुवै सरकारी र गैर सरकारी), च) सम्वन्धित सरकारी निकायहरू, छ) जस्का कार्यक्रमको निम्ति तथा आधारहरूप्रभावमा पार्न खोजिन्छ, ज) सञ्चार माध्यम र झ) सर्व साधारण जनता । नाससंहरूले सेवा प्रदान गर्ने र जनवकालत गर्ने कामहरूलाई साथ साथै लैजानुको साथै अन्तर्राष्ट्रिय मान्यता प्राप्त आचरणहरूप्रति प्रतिवद्ध (अधिकार र वाक स्तन्त्रता, भेला र संगठन, र उच्च नैतिकताका) हुनुपर्दछ ।

**सक्षमता र प्रभावकारिता:** न्यूनतम श्रोतमा उद्देश्य मुताविक अधिकतम जनताका आवश्यकताहरू परिपूर्ति गर्नु संस्थाको सक्षमता र प्रभावकारिता हो । संस्थाले श्रोतहरूको उचित प्रयोगद्वारा जनताका आवश्यकता परिपूर्ति गर्ने परिणामहरू दिनुपर्दछ । संस्थाले अवलम्वन गर्ने प्रकृयाहरू सम्भव भएसम्म सरल हुनुका साथै न्यून समय, प्रयास र लागतवाट गुणात्मक सेवा प्रदान गर्ने खालको हुनुपर्दछ । आधुनिक व्यवस्थापन प्रकृया र प्रणाली(कर्मचारी, प्रशासन, अर्थ र लेखा) को प्रयोग र लेखा राख्ने तथा वित्तीय व्यवस्थापनका शिपहरू यस अन्तर्गत पर्दछन् । संस्थाको स्पष्ट मानवीय श्रोत विकास (व्यवस्थापक, प्रशासक, परियोजना कर्मचारी, कार्यकारी सदस्यहरू, लाभान्वितहरू र स्वयंसेवकहरू)नीति र कार्यक्रमहरू हुनपर्दछ । दक्ष तथा व्यावसायिक स्वयंसेवकहरू र कर्मचारीहरूको परिचालन, लगानी र उद्देश्य अनुसारको अधिकतम प्रतिफल, स्थानीय श्रोत, साधन, समुदाय र संस्थाहरूको परिचालन आदि यस अन्तर्गत पर्दछन् । त्यस्तै गरी नाससंका नेताहरूसंग मानवीय विकासकालागि विस्तृत र दिर्घकालीन सोंच हुनुपर्दछ । आधुनिक सूचना तथा संचार प्रणालीहरूको व्यवस्था र प्रयोगले संस्थाको क्षमता वढाउंछ।

**समता:** अवसरवाट वञ्चित (महिला, दलित, जनजाती, उपेक्षित समुदाय र अन्य) वर्गलाई समान स्तरमा ल्याउनका लागि नाससंद्वारा तय गरिएको नीतिलाइ समता भनिन्छ । पिछडिएको वर्गलाई समान स्तरमा ल्याउनका लागि नाससंको आफ्नै समतामूलक नीति हुनुपर्दछ । संस्थाले सवै तहमा ( सदस्यदेखि नेतासम्म) समान अवसरका लागि समावेशी नीति नियम वनाइ लागू गर्नुपर्दछ । जसअनुसार संस्थाका कार्यक्रमहरू महिला, दलित, पिछडिएका जनजाति र उपेक्षित समुदायहरूलाई टेवा पुऱ्याउने खालको हुनुपर्दछ । संस्थाले सकारात्मक विभेदकारी लैङ्गिक र समावेशी नीतिहरू (लक्षित समुदाय, संस्थाको सदस्यता, कार्यकारी समिति, पदाधिकारीहरू, व्यवस्थापन समिति, कर्मचारी, उपभोक्ता समूह, कार्यक्रम संचालन, योजना, अनुगमन तथा मूल्यांकन) तयार गरी लागू गर्नुको साथै तिनको अभिलेख (gender/ethnicity desegregate data) राख्नुपर्दछ ।

**वैधता:** नाससंले प्रजातान्त्रिक प्रक्रियाद्वारा मुलुकको प्रचलित ऐन, कानुन र समाजको मूल्य, मान्यता र विश्वास अनुरूप कानुनी र भावनात्मक मान्यता प्राप्त गर्नु नै वैधता हो । नियम अनुसार तोकिएको सरकारी निकायहरूमा दर्ता तथा नवीकरण गरेको, मान्यता प्राप्त व्यक्ति वा सस्थाद्वारा लेखापरीक्षण गरिएको, पेशागत दक्षता समुदायको नजिक रहेको वास्तविकतासंग काम गरेको, दलगत राजनीतिवाट टाढा रहेको, धर्मनिरपेक्षको सिद्धान्तलाई अंगालेको, नाससं आचार संहिता पालना गरेको आदि स्थितिले संस्थाको वैधतालाई पुष्टि गर्दछ ।

**विधिको शासन:** संस्थाले मुलुकको प्रचलित कानुनी हदभित्र रही सवै नागरिकहरूलाई समान व्यवहार तथा हक प्राप्त हुने संस्थागत नीति नियमहरू तयार गर्नुपर्दछ । संस्थाको आफ्नै निष्पक्ष र स्पष्ट नीति नियमहरू हुनुपर्दछ जसले सरोकारवालाहरूलाई संस्थाको व्यवहारप्रति भविष्यवाणी गर्नसक्ने वातावरण उपलब्ध गराउंदछ । संस्थाको विधान वा अन्य नीतिहरू अनुसार कार्य संचालन गर्नु विधिको शासन अन्तर्गत पर्दछन् ।

**स्वामित्व:** संस्थाले स्वस्फूर्त सहभागितात्मक प्रक्रियावाट परिचालित हुने कार्यक्रम र समूहहरूलाई वढावा दिनुको साथै स्वशासन र अधिकार निक्षेपणको अवधारणा र प्रकृयालाई अभिवृद्धि गर्नुपर्ने हुन्छ । न्यूनतम शासनको सिद्धान्त (theory of subsidiary unit) लागू गर्दै स्थानीय शीप, श्रोत, साधन, समुदाय र संस्थाहरूको परिचालनले संस्थाको कार्य र प्रकृयामा लक्षित समुदायको स्वामित्व वढ्न जान्छ । सामुदायिक वनहरूको संरक्षण र प्रयोग वन उपभोक्ता समूहको व्यवस्थापनमा गर्दा समुदायको वनप्रतिको स्वामित्व वढ्न गई प्रभावकारिता वढेको उदाहरण हामी सवैलाई थाहा भएको कुरा हो ।

**दीगोपना:** संस्थाले श्रोत र साधनको समुचित उपयोग गर्दै संस्थागत प्रक्रियाबाट निरन्तररूपमा परिचालन हुनसक्ने कार्यक्रमहरूलाई प्राथमिकता दिनुपर्दछ । आत्मनिर्भरता, स्थानीय श्रोत र साधनको परिचलन, दातृ संस्थाप्रति परनिर्भरता, युवाहरूको परिचालन, दोश्रो पुस्ताको नेतृत्व विकास, वातावरणीय सजगता आदि दिगोपनका प्रमाणहरू हुन् ।

# युद्धविराम आचारसंहिता

सातदल र माओवादीवीच २०६३ ज्येष्ठ १२ गते गोकर्णमा सम्पन्न प्रथम चरणको वार्तापश्चात दुवै पक्षवीच सहमति कायम भई पच्चीस् बुँदे आचारसंहिता सार्वजनिक गरिएको थियो । उक्त दिन आचारसंहितामा सहमति बाहेक सातदल-माओवादीवीच सहमति भइसकेको बाह्रबुँदे समझदारी अनुसार संविधानसभासम्म पुग्ने प्रक्रियामा पनि छलफल गरिएको थियो ।

हाल आएर सात दल र माओवादीवीच सहमति भई दिगो शान्ति स्थापनाका लागि प्रतिबद्धता प्रकट गरिसकिएको छ । आगामी २०६४ जेठसम्ममा संविधानसभाको चुनावको घोषणा गरिसकिएको छ । यसर्थ संविधानसभासम्म पुग्न र सफलता प्राप्त गर्न आगामी दिनहरूमा सबै पक्षबाट युद्धविराम आचारसंहिताको पालना गर्न अत्यावश्यक देखिएको छ । दुवै पक्षवीच सहमति भएको पच्चीस् बुँदे आचारसंहिताको पूर्ण विवरण तल प्रस्तुत गरिएको छः

## भयमुक्त नागरिक जीवनको सुनिश्चितता

१. एक अर्कालाई उत्तेजित गर्ने गरी कुनै सार्वजनिक वक्तव्य दिने वा त्यस प्रकारका अन्य कुनै काम नगर्ने ।

२. दुवै पक्षले जनसमुदायमा त्रास फैलने गरी सशस्त्र सेनाको परिचालन, प्रदर्शन र प्रयोग नगर्ने ।

३. एक अर्काका सैनिक वा सुरक्षा निकायमा आक्रमण वा विध्वंसात्मक कार्य नगर्ने, माइन बिछ्याउने वा एम्बुस थाप्नेजस्ता कार्य नगर्ने, आआफ्नो सेनामा नयाँ भर्ती नगर्ने तथा सुराकी नगर्ने ।

४. शान्ति सुव्यवस्था कायम राख्न दुवै पक्षले पारस्परिक सहयोग गर्ने ।

५. हातहतियार तथा सैनिक व्यवस्थापनबारे आपसी सहमतिको आधारमा आवश्यकतानुसार छलफल तथा समझदारी कायम गर्दै जाने ।

## जनतामा विश्वासको वातावरण निर्माण

६. सार्वजनिक भेला, सम्मेलन, समारोह वा राजनीतिक क्रियाकलाप गर्दा दुवै पक्ष कम्न्याट ड्रेसमा वा हातहतियारसहित उपस्थित नहुने ।

७. राजनीतिक दलका कार्यकर्ता तथा सामाजिक संघ-संगठनका सदस्य र व्यक्तिहरूले देशको कुनै पनि भागमा गएर आफ्नो विचारको प्रचार गर्ने, सभासम्मेलन गर्ने र संगठन गर्ने कार्य गर्न दुवै पक्षबाट कुनै किसिमको बाधा अवरोध नगर्ने तथा कुनै मानसिक वा शारीरिक दबाव नदिने ।

## जनताका आधारभूत सेवा र विकास निर्माण सम्बन्धमा

८. युद्धविराम अवधिभर बन्द वा चक्काजामजस्ता कार्यक्रमहरू नगर्ने । तर, शान्तिपूर्ण ढंगका सभा जुलुसहरू गर्न सकिने ।

९. जनताका आधारभूत सेवा र सुविधा निर्वाध रूपले सञ्चालन हुनदिने ।

१०. जनहित तथा विकास निर्माणका नियमित काम शान्तिपूर्ण ढंगले अगाडि बढाउने कुरामा कुनै बाधा व्यवधान नपुऱ्याउने ।

११. खाद्यान्न, औषधि, विकास निर्माणका सामग्रीहरू तथा दैनिक उपभोगका वस्तुहरू ओसारपसार गर्न वन्देज नलगाउने र बाधा अवरोध नगर्ने ।

## शिक्षण संस्था, अस्पताल तथा औद्योगिक प्रतिष्ठानहरूको सुसञ्चालन

१२. विद्यालय, कलेज, विश्वविद्यालय, अस्पताल, उपचार केन्द्रहरू तथा औद्योगिक प्रतिष्ठानलाई सुचारु रूपले सञ्चालन गर्न दुवै पक्षबाट वातावरणको निर्माण गर्ने ।

## सञ्चार माध्यमबाट शान्तिवार्तालाई सहयोग

१३. युद्धविराम, आचारसंहिता र शान्ति प्रक्रियाका पक्षमा सूचना प्रवाह गर्ने तथा शिष्ट तथा मर्यादित भाषाको प्रयोग गर्ने ।

१४. सञ्चार माध्यमबाट वार्ता तथा शान्ति प्रक्रियालाई प्रतिकूल असर पर्ने खालका अभिव्यक्ति कसैले नदिने ।

## बलपूर्वक चन्दा र आर्थिक सहयोग नउठाउने

१५. कसैको इच्छाविपरीत चन्दा र आर्थिक सहयोग, नगदी, जिन्सी वा सेवा नउठाउने वा परिचालन नगर्ने ।

## रिहाइ र पुनःस्थापन

१६. विभिन्न व्यक्तिहरूमाथि दुवै पक्षद्वारा लगाइएका आरोप, अभियोग र मुद्दा फिर्ता गर्ने र बन्दीहरूलाई रिहाइ गर्दै जाने ।

१७. बेपत्ता नागरिकहरूको स्थिति यथाशीघ्र सार्वजनिक गर्ने ।

१८. विस्थापित भएका व्यक्तिलाई आ-आफ्नो घरमा फर्किएर शान्तिपूर्ण, सहज तथा सम्मानपूर्वक पुनःस्थापित हुने कार्यमा सहयोग गर्ने ।

१९. द्वन्द्वको क्रममा राजनीतिक दलका नेता, कार्यकर्ता तथा सर्वसाधारण जनताको कब्जा गरिएका वा ताला लगाइएका वा प्रयोग गर्न नदिइएका सम्पत्तिसम्बन्धी व्यक्ति वा परिवारलाई फिर्ता र उपभोग गर्न दिने । सो सम्पत्ति फिर्ता गर्ने प्रक्रियामा समस्या उत्पन्न भएमा आपसी सहमतिका आधारमा समाधान गर्ने ।

## वार्ता सहजीकरण

२०. वार्तामा संलग्न हुने दुवै पक्षका व्यक्तिहरूको आवागमन एवं गतिविधिमा कुनै प्रकारको बाधा व्यवधान नगर्ने ।

## अनुगमन

२१. दुवै पक्षले आपसी सहमतिका आधारमा राष्ट्रिय तथा अन्तराष्ट्रिय अनुगमन टोलीद्वारा युद्धविरामको अनुगमन गर्ने ।

२३. प्रस्तावनाको भावना अनुरूप यो आचारसंहितामा दुवै पक्षको सहमतिले थपघट वा संशोधन गर्न सकिने ।

२४. यो आचारसंहितामा दुवै पक्षको सहमतिले थपघट वा संशोधन गर्न सकिने ।

२५. आचारसंहितामा हस्ताक्षर भएपछि यो आचारसंहिता सार्वजनिक गर्ने ।

| | |
|---|---|
| नेकपा माओवादीका तर्फबाट<br>कृष्णबहादुर महरा | नेपाल सरकारका तर्फबाट<br>कृष्णप्रसाद सिटौला |

# साप-नेपाल क्षेत्रीय कार्यालयद्वारा आयोजित विभिन्न कार्यक्रमहरू

## स्रोत विकास केन्द्र विराटनगर

- स्रोत विकास केन्द्र, विराटनगरद्वारा स्थानीय समावेशी सुसासन प्रवद्धन गर्ने उद्देश्यले २०६३ साल जेष्ठ १२ देखि १३ गतेसम्म 'अधिकारमा आधारित पद्धति र समावेशी स्थानीय सुसासन' विषयक तालिम आयोजना गरिएको थियो, जुन तालिम नागरिक समाज विकास परिषदका सदस्यहरूलाई प्रदान गरिएको थियो ।

- स्रोत विकास केन्द्र, विराटनगरद्वारा 'संविधान सभाको स्वरुप र प्रकृयामा समावेशीकरणको सवाल' विषयक एक दिने कार्यशाला २०६३ साल जेष्ठ १४ गते आयोजना गरिएका थियो । उक्त कार्यक्रममा दिनेश श्रेष्ठ र रमेश चन्द्र पौडेलले कार्यपत्र प्रस्तुत गर्नुभएको थियो ।

- स्रोत विकास केन्द्र, विराटनगरद्वारा २०६३ साल साउन २९ गते 'परिवर्तित सन्दर्भमा लघुवित्त चुनौती र अवसर' विषयक एक दिने कार्यशाला सम्पन्न गरिएको थियो । कार्यक्रममा मणि आर्याल र रमेश पोखरेलले कार्यपत्र प्रस्तुत गर्नुभएको थियो ।

- स्रोत विकास केन्द्र विराटनगरद्वारा २०६१ श्रावण १७ देखि भाद्र २३ सम्म सामाजिक क्षेत्रमा युवा शक्तिलाई परिचालन गर्ने र युवा जमातमा सकारात्मक सोचको विकास गर्ने र महिला तथा पिछडिएको वर्गलाई विकासको सोचमा परिवर्तन गर्ने उद्देश्यले 'सामाजिक विकास योजना तथा व्यवस्थापन तालिम' एघारौं समूह सम्पन्न भयो ।

- स्रोत विकास केन्द्र विराटनगरद्वारा २०६३ साल भाद्र २६ देखि २७ गतेसम्म दुई दिने 'रोजगार खोजी क्षमता तालिम' सम्पन्न गरियो ।

## मानवीय स्रोतविकास केन्द्र पोखरा

- पथ विकास कार्यक्रम अन्तरगत मानवीय स्रोत बिकास केन्द्र नेपालको आयोजनमा मिति २०६३ बैशाख २५ गतेदेंखि २८ गतेसम्म 'जनवकालत तथा कार्यतन्त्र व्यवस्थापन' तालिम पोखरामा सम्पन्न भयो ।

- वर्ल्ड भिजन इन्टरनेशनल तथा मानवीय स्रोत बिकास केन्द्र नेपालको आयोजनामा वर्ल्ड भिजन इन्टरनेशनलको लघुबित्त कार्यक्रम अन्तर्गतका सीप बिकास संस्थाहरूका लागि 'सीप व्यवस्थापन' तालिम सम्पन्न भयो ।

- नागरिक समाज बिकास परिषद जिल्ला शाखा रुपन्देही र शिद्धार्थ सामुदायिक समाज रुपन्देहीको संयुक्त आयोजनामा भैरहवामा 'महिला बिरुद्ध घरेलु हिंसा' बिषयक अन्तरक्रिया कार्यक्रम सम्पन्न गरियो ।

- मानवीय स्रोत बिकास केन्द्र नेपालको सहयोगमा नागरिक समाज बिकास परिषद जिल्ला शाखा कास्कीको आयोजनामा मिति २०६३ जेठ १२ गते भलाम गाबिस स्थित महेन्द्र माविमा 'समाबेशी लोकतन्त्र र संबिधान सभा' बिषयक सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न भयो ।

- दिदीबहिनी समाज नेपाल र नागरिक समाज बिकास परिषद नेपाल रुपन्देहीको आयोजनामा मिति २०६३ साल जेठ १४ गते राजनीतिक पार्टीहरूमा समाबेशीकरणको अवस्था बिषयक अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो ।

- सामजिक जागरण अभियान नेपाल र नागरिक समाज बिकास परिषद जिल्ला शाखा रुपन्देहीको आयोजनामा रुपन्देहीको दुधराक्ष गाबिसमा 'संबिधान सभाको निर्वाचनमा महिलाहरूको भूमिका' बिषयक अन्तरक्रिया कार्यक्रम २०६३ जेठ १६ गते सम्पन्न गरियो ।

- मानवीय स्रोत बिकास केन्द्र नेपालको आयोजनामा २०६३ असार ११ गते साप इन्टरनेशनलका कार्यकारी निर्देशक डा. रोहित कुमार नेपालीको सभापतित्वमा 'समाबेशी लोकतन्त्र : स्वरूप र प्रक्रिया' बिषयक कार्यशाला सम्पन्न भयो । उक्त कार्यक्रममा तीनवटा छुट्टा छुट्टै बिषयमा डी.बी. नेपाली, ज्योति भट्टचन र डा.बिश्वकल्याण पराजुलीले कार्यपत्र प्रस्तुत गर्नुभएको थियो ।

- युवा नेतृत्व विकास कार्यक्रम अन्तरगत मानवीय स्रोत बिकास केन्द्र नेपालको सहयोगमा चापाकोट स्थित हातेमालो युवा समूहका युवाहरूद्वारा संयुक्त रूपमा 'दाइजो प्रथा बिरुद्धको कार्यक्रम' आयोजना गरिएको थियो । २०६३ असार ११ गते चापाकोट गाबिसमा भएको उक्त कार्यक्रममा चपाकोट गाबिसका ३० जना युवा तथा बिभिन्न संघ संस्थाका प्रतिनिधिहरूको उपस्थिति रहेको थियो । कार्यक्रममा युवा नेता गोबिन्द चापागाईले कार्यपत्र प्रस्तुत गर्नुभएको थियो ।

- युवा नेतृत्व विकास कार्यक्रम अन्तरगत मानवीय स्रोत बिकास केन्द्र नेपालको सहयोग र नवज्योति युवा समूहको आयोजनामा कास्कीकोटको गुण्टेचौरमा मिति २०६३ असार ११ गते 'सामुदायिक बिकासमा युवाहरूको भूमिका' बिषयक अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो ।

- मानवीय स्रोत बिकास केन्द्र नेपालको सहयोगमा नागरिक समाज बिकास परिषद जिल्ला शाखा रुपन्देहीद्वारा २०६३ आषाढ २३ गते बुटवलमा 'वर्तमान शैक्षिक अवस्था, चुनौती र सम्भावना' बिषयक सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न भयो ।

- कालिका सामुदायिक बिकास संस्था कास्कीकोट र नागरिक समाज बिकास परिषद नेपाल जिल्ला शाखा कास्कीको आयोजनामा २०६३ साल आषाढ २७ गते कास्कीको कास्कीकोट गाबिसमा 'राजनैतिक पार्टीमा महिला, दलित र जनजातिको समाबेशीकरण' बिषयक कार्यशाला सम्पन्न भयो ।

- नागरिक समाज बिकास परिषद नेपाल कास्कीद्वारा २०६३ साल असार ३० गते पोखराका मुसलमान समुदायहरूवीच 'संविधान निर्माणमा अल्पसंख्यक मुसलमान समुदायको भूमिका' बिषयक छलफल कार्यक्रम सम्पन्न भयो ।

- नागरिक समाज विकास परिषद नेपाल कास्कीको आयोजनामा २०६३ असार ३० गते 'महिला सशक्तीकरणका लागि आर्थिक बिकासको महत्व' बिषयक छलफल कार्यक्रम पोखरामा सम्पन्न भयो ।

- वर्ल्ड भिजन इन्टरनेशनल र मानवीय स्रोत बिकास केन्द्र नेपालको संयुक्त आयोजनामा 'जनमुखी बिकास प्रक्रिया: किन र कसरी' बिषयक ४ दिने तालीम २०६३ भाद्र १८ गतेदेखि २१ गतेसम्म सम्पन्न भयो ।

- साप नेपाल, इक्वेल एक्सेस नेपाल र आई पि जेको साझेदारीमा संचालित 'रेडियो सहजीकरण' कार्यक्रम अन्तरगत मानवीय स्रोत विकास केन्द्रले पश्चिमाञ्चल विकास क्षेत्रका ६ जिल्लाका १० समुदायहरूमा १६० वटा रेडियो छलफल कार्यक्रमहरू सम्पन्न गऱ्यो । इक्वेल एक्सेस नेपालको प्रस्तुति सुन्दर शान्त विशाल रेडियो कार्यक्रमका श्रृङखला १० देखि २५ सम्मका १६ श्रृङखलाहरूमा संचालित उक्त रेडियो छलफल कार्यक्रम अन्तरगत कास्की, तनहुं, पर्वत, बाग्लुङ्ग, पाल्पा र रुपन्देही जिल्लाहरूमा छलफल कार्यक्रमहरू सम्पन्न गरिएको थियो ।
- मानवीय स्रोत बिकास केन्द्र नेपाल र इनाफी नेपालको संयुक्त आयोजनामा 'परिवर्तन सन्दर्भमा लघुबित्त, चुनौती र संभावना' बिषयक अन्तरक्रिया कार्यक्रम २०६३ भदौ ४ गते सम्पन्न भयो । कार्यक्रममा पश्चिमाञ्चल ग्रामिण बिकास बैकका अधिकृत महेन्द्र अधिकारी र उप प्राध्यापक डा. लेखनाथ भट्टराईले कार्यपत्र पस्तुत गर्नुभएको थियो ।
- मानवीय स्रोत बिकास केन्द्र नेपाल र साप-नेपालको संयुक्त आयोजनामा 'प्रशंसनीय दृटिकोण' विषयक तालीम २०६३ भदौ २९ देखि ३१ सम्म पोखरामा सम्पन्न भयो ।

# SAP-Nepal Publications

## IN ENGLISH

| S.N | Name of the Publication | Contribution |
|---|---|---|
| 1. | Management of People Based Development Training | 250.00 |
| 2. | Training of the Trainers | 250.00 |
| 3. | The Role of the NGOs in People Based Development | 60.00 |
| 4. | Gender & Development | 75.00 |
| 5. | Orientation Program on Gender & Development | 60.00 |
| 6. | People Centered Dev. Training | 250.00 |
| 7. | Rural Communication Workshop | 150.00 |
| 8. | INGOs Directory | 800.00 |
| 9. | NGDOs Directory, Vol. I [MWDR & FWDR] | 1000.00 |
| 10. | NGDOs Directory, Vol. II [WDR] | 500.00 |
| 11. | NGDOs Directory, Vol. III [CDR] | 850.00 |
| 12. | Participatory Monitoring and Evaluation (Theory, Methodology and Practice) | 350.00 |
| 13. | Future Search National Seminar on equal Property Rights for Men and Women | 250.00 |
| 14. | The Role of NGDOs in Sustainable Development | 250.00 |
| 15. | Tackling our Challenges | 50.00 |
| 16. | Sustainable Development: SAP-Nepal's Plan for Development Challenges | 50.00 |
| 17. | A Civil Society Perspective for Good Governance in Nepal | 100.00 |
| 18. | Governance in the Doldrums: Who Really Governs Nepal | 250.00 |
| 19. | Effective Communication | 40.00 |
| 20. | Good Governance Dream or Reality | 60.00 |
| 21. | Tri Shakti [Man, Money and Material] Economic Development Triangle | 20.00 |
| 22. | Good Governance: Enhancing Perspective for Strategic Planning | 60.00 |
| 23. | Quest For Peace [2nd edition] | 500.00 |
| 24. | Peace and Governance: Concern, Issues and Strategies | 90.00 |
| 25. | Partners in Development (NGDOS Directory) | 150.00 |
| 26. | Review of Anti Corruption Laws in Napal | 80.00 |
| 27. | A Study on Corrupt Practices and Anti-Corruption Law | 80.00 |
| 28. | Governance Planning with the Planning | 300.00 |
| 29. | Women and Budget | 50.00 |
| 30. | Women in Governance: Assessment And Analysis | 125.00 |
| 31. | Women in Nepalese Politics | 75 |
| 32 | Micro Finance services in Insurgency and Conflict | 200 |
| 33 | Impact of Micro Finance Services on Poverty Reduction in Nepal | 200 |
| 34. | Reviving Democracy: The Emerging Role of Women in Decision Making (SAP-I) | 300 |
| 35 | Small Arms a Big Proliferation (SAP-I) | 200 |
| 36 | A Comparative Study of Small Arms | 100 |
| 37 | Commercial Sexual Exploitation of Children (SAP-I) | 350 (Per set) |

## IN NEPALI

| S.N | Name of the Publication | Contribution |
|---|---|---|
| 1. | *Janamukhi Bikasma Gairsarkari Sasthaharuko Bhumika* | 250.00 |
| 2. | *Bachat Tatha Rin Bewasthapan Nirdeshika* | 300.00 |
| 3. | *Sampatima Mahila Tatha Purusko Saman Hakko Lagi Aayamko Khoji* | 40.00 |
| 4. | *San 2000 Pachhiko Distrikon: Nepalma Shushanprati Janasamajko Pariprekchha* | 150.00 |
| 5. | *Bikasko Bharyang* | 15.00 |
| 6 | *Shushanka Chunauti* | 60.00 |
| 7 | *Susashanka Lagi Akyabadhata* | 50.00 |
| 8 | *Shanti Ra Sushashan: Sarokar, Mudda Ra Karyaniti* | 125.00 |
| 9 | *Shanti Sthapana Ra Janaabhimat* | 80.00 |
| 10 | *Shanti Ra Sushashan: Dirgha Shanti Sthapanako Aadhar* | 50.00 |
| 11 | *Shanti Ra Sushashan: Chunauti Ra Sambhawana* | *70.00* |
| 12 | *Shanti Ra Sushashan: Shanti Sthapanako Aadhar* | *55.00* |
| *13* | *Sankatkalin Abasthako Paridhi Ra Nagarik Samajko Bhumika* | *65.00* |
| *14* | *Shanti Ko Khoji* | *150.00* |
| *15* | *Nagarik Samajko Chintan* | *80.00* |
| *16* | *Sushasan Yojanama Janata* | *200.00* |
| *17* | *Janayoudha Ra Shanti* | *75.00* |
| *18* | *Shanti Barta: Bisaya ra Bisleshan* | *65.00* |
| *19.* | *Sambidhanma janta* | *150* |
| *20.* | *Swargako Tukda* | *150* |
| *21* | *Nepalma Sasastra Sangharsa* | *125* |
| *22* | *Nepalko Rajnitima Mahila* | *75* |

# 'संविधानसभा र चुनाव प्रणाली'



साप-नेपालद्वारा वर्तमान परिप्रेक्षलाई दृष्टिगत गरी सूचना आदान प्रदान गर्ने उद्देश्य अनुरूप २०६३ आश्विन ६ गते संविधानसभा र चुनाव प्रणालीका बारेमा जानकारी दिने उद्देश्यले 'संविधानसभा र चुनाव प्रणाली' विषयक छलफल कार्यक्रमको आयोजना गरिएको थियो ।

साप-नेपालका कार्यकारी निर्देशक तीर्थप्रसाद ज्ञवाली सहजकर्ता रहनुभएको उक्त कार्यक्रममा नेवा: डे डब्बुका अध्यक्ष मल्ल के सुन्दरले संविधानसभा र वर्तमान सन्दर्भमा उपयुक्त चुनाव प्रणालीका बारेमा आफ्ना विचारहरू प्रस्तुत गर्नुभएको थियो । कार्यक्रममा नागरिक समाज एवं विभिन्न संघसंस्थाका प्रतिनिधि, राजनीतिज्ञ लगायत विभिन्न व्यक्तित्वहरूको सहभागिता रहेको थियो । उक्त कार्यक्रममा अध्यक्ष मल्ल के सुन्दरले सहभागीहरूद्वारा संविधानसभा र चुनाव प्रणालीका सन्दर्भमा प्रस्तुत प्रश्न एवं जिज्ञासाहरूको उत्तर दिनुभएको थियो ।


## साप-नेपाल केन्द्रीय कार्यालय

साप फल्चा, बबर महल, काठमाडौं,

पोष्ट बक्स : ३८२७, फोन: ०१-४२२३०५०/४२२३२३०, फ्याक्स नं.: ०१-४२४१३३८

वेबसाईट : www.sapnepal.org.np, ईमेल: sap@ngdo.wlink.com.np

### क्षेत्रीय साझेदार संस्थाहरू

**डेभलप्मेन्ट एक्सचेन्ज सेन्टर नेपाल**
सौराहा,चितवन, नेपाल
फोन : ०५६-५८००७५, फ्याक्स : ०५६-५८०१६४
इमेल : infocdr@wlink.com.np

**मानविय श्रोत विकास केन्द्र नेपाल**
वार्ड नं. ९ दरबारथोक, पोखरा, नेपाल
फोन : ०६१-५३४०४६, ५३४३००, फ्याक्स : ०६१-५३४०४६, ५३४३००
इमेल : wdr@fewanet.com.np

**दिगो सामाजिक विकास केन्द्र**
मुक्तिपुर, कौशल्या मार्ग, वडा नं. १६, नेपालगञ्ज
फोन : ०८१-५२३४००, ५२५७६१, फ्याक्स : ०८१-५२३४००
इमेल : mwdrnpj@wlink.com.np

**श्रोत विकास केन्द्र नेपाल**
विराटनगर १५, मोरङ, नेपाल
फोन : ०२१-५२४३५९, फ्याक्स : ०२१-५२४३५९
इमेल : rdcbrt@nns.com.np

**विकास सम्बन्धी अभिलेख, प्रतिवेदन,**
**पुस्तक तथा पत्र-पत्रिका प्रकाशन गर्नु परेमा**
**साप-नेपाल पब्लिसिङ्ग हाउसमा सम्पर्क राख्नु होला ।**

विस्तृत जानकारीका लागि
**साप-नेपाल केन्द्रीय कार्यालय**
साप फल्चा, बबर महल, काठमाडौं, पो.ब.नं.:३८२७
फोन : ०१-४२२३०५०/४२२३२३०
फ्याक्स नं. : ०१-४२४१३३८


प्रकाशक : साउथ एशिया पार्टनरशिप नेपाल, पो.ब.नं. ३८२७, साप फल्चा, बबरमहल, काठमाडौं, नेपाल । टेलिफोन: ४२२३२३०, ४२२३०५०
सम्पादकीय टोली : तीर्थप्रसाद ज्ञवाली, सुरेश कुमार बर्मा, र लक्ष्मी न्यौपाने ।

Printed by : SAP-Nepal Publishing House
SAP Falcha, Babar Mahal, Kathmandu
Phone : 4223230